बालविवाह सामाजिक र कानूनी अपराध हो ।

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ फागुन १८ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 March 02 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८४

## हलखोरिया दहमा सूर्य नेपालले ड्याम बनाउने

प्रस, वीरगंज, १७ फागुन/

पर्सा राष्ट्रिय निकुञ्जभित्रको सबैभन्दा ठूलो प्राकृतिक पानीको स्रोत भएको ऐतिहासिक हलखोरिया दहमा सूर्य नेपालले ड्याम बनाउने भएको छ । गत वर्षदेखि पुरानो ड्याम साइड भत्काएर पानी बगेपछि हलखोरिया दह सुकेको छ ।



तस्वीरः फाइल

दुर्लभ वन्यजन्तु तथा विभिन्न प्रजातिका चराचुरुङ्गीको बासस्थान रहेको हलखोरिया दह सुकेपछि अहिले समस्या भएको छ । पर्सा राष्ट्रिय निकुञ्जको आग्रहमा सूर्य नेपालले पुरानो ड्यामसँगै नयाँ ड्याम बनाउने तयारी गरेको छ । नयाँ ड्यामको लागि सूर्य नेपालले हिजो अर्चना कन्स्ट्रक्शनलाई जिम्मेवारी दिएको छ ।

पर्सा राष्ट्रिय निकुञ्जका रेन्जर हिमाल पाठकले जलचर, चराचुरुङ्गी तथा वन्यजन्तुको बासस्थान रहेको हलखोरिया दह सुकेपछि समस्या भएको र सूर्य नेपाललाई ड्याम बनाउन आग्रह गरिएको र सो प्रयोजनको लागि ठेकेदारसँग सम्झौता भइसकेको बताए ।

निकुञ्जसँग ठेकेदारले इजाजत लिएसँगै एकाध दिनमैं ड्यामको काम शुरू हुने र तीन महीनामा सम्पन्न हुने उनले बताए । जाडो छल्न साइबेरियाबाट सारसदेखि स्थानीय चराचुरुङ्गीको क्रिडास्थलको रूपमा हलखोरिया दह रहेको छ । हलखोरिया दहसँगै कामिनी रामभौरीभाठास्थित दहमा पनि सारस र स्थानीय चराचुरुङ्गीको बास हुने गरेको छ ।

हलखोरिया दहमा प्राकृतिक मुहानबाट पानी आउने र सो पानी अहिले ड्यामको साइड भएर बग्ने भएकोले सञ्चित हुन सकेको छैन । यसैगरी, आउँदो वर्षायाममा पानीलाई रोक्नको लागि पनि ड्याम आवश्यक थियो । ड्यामको अभावमा हलखोरिया दहको पानी सुक्दै गएको छ । वर्षायामको पानी सञ्चित नहुने र मुहानको पानी बगेर जाने हुँदा सूर्य नेपालले सामाजिक उत्तरदायित्व अन्तर्गत पर्यापर्यटनको लागि ऐतिहासिक हलखोरिया दहमा नयाँ ड्याम बनाउन लागेको हो ।

## माईराम पोखरी अतिक्रमणविरुद्ध अभियान
## दोस्रो दिन फोहर हटाउँदै डोजर चल्यो

प्रस, वीरगंज, १७ फागुन/

माईराम पोखरी (चिल्ड्रेन पार्क)को अतिक्रमण हटाउन मङ्गलवारदेखि अभियान शुरू गरेको महानगरपालिकाले बुधवार पनि तोडफोड जारी राख्यो । बुधवार बिहानदेखि भग्नावशेष हटाएर एक्साभेटर चल्ने बाटो बनाइ पुनः तोडफोड शुरू गरेको छ । वीरगंज महानगरका सरसफाइ प्रमुख राजकृष्ण ताम्राकारले हिजो तोडफोड गरिएको चिल्ड्रेन पार्कको पूर्व-दक्षिणतर्फको अवैध संरचना बुधवार भत्काउने कार्य भएको बताए ।



तस्वीरः प्रतीक

एक्साभेटरबाट फोहर उठाइ टयाक्टरबाट फालेर पछि अतिक्रमित संरचना भत्काउने काम गरिएको थियो । हिजो पूर्वतर्फको पाँच/छवटा घर महानगरले तोडफोड गरेको थियो । चार बिघा क्षेत्रफलमा रहेको माईराम पोखरी अतिक्रमणको शिकार भएर १९ कट्ठाको चिल्ड्रेन पार्कमा परिणत भएको थियो । पुरानो नापनक्शामा सार्वजनिक पोखरी रहेको र पछि खरीदकर्ताले थोरै जमीन किनेर पोखरीको डिल धेरै अतिक्रमण गरेका थिए । अतिक्रमित जग्गामा अहिले ठूलठूला भवन छन् । महानगरले उक्त जग्गाको नक्शापास नभएको भनेर हिजोदेखि एक्साभेटर लगाएर पक्की भवनहरू तोडफोड अभियान शुरू गरेको हो ।

अतिक्रमित जग्गाको स्वामित्व नयाँ नापी मालपोत कार्यालयबाट जग्गाधनीहरूले आफ्नो नाममा पारेको र सोही आधारमा अदालतबाट अन्तरिम आदेश, निषेधाज्ञा जस्ता आदेशहरू जारी गरेर नगरपञ्चायतदेखि अहिले महानगर हुन्जेलसम्म अतिक्रमित जग्गा खाली गराउने महानगरको अभियानलाई रोक्दै आएको थियो । अहिले पनि कात्तिक २१ गते महानगरले पहिलोचोटि अभियान शुरू गरेपछि अदालतबाट अन्तरिम आदेश जारी भएको थियो । अन्तरिम आदेश सकिएको र जग्गासम्बन्धी विवादमा नपरेर महानगरले आफ्नो दायित्व अन्तर्गत भवन निर्माणपूर्व नक्शापास गर्नुपर्ने र सो नगरेको संरचना भत्काउन पाउने कानूनी अधिकार प्रयोग गरेर अभियान शुरू गरेको हो ।

हिजो भत्किएका घरहरूको फोहरले एक्साभेटर सञ्चालनमा अवरोध पुगेका कारण आज त्यहाँको फोहर हटाएर पुनः एक्साभेटर चलाएर नक्शापास नभएका भवन भत्काइएको सरसफाइ प्रमुख ताम्राकारले बताए ।

## टाँगियाबस्ती जङ्गली हात्तीले मानिसको ज्यान लियो

प्रस, निजगढ, १७ फागुन/

जीतपुर-सिमरा उपमहानगरपालिका-१६ टाँगियाबस्तीनजीकैको वनक्षेत्रमा बुधवार दिउँसो जङ्गली हात्तीको आक्रमणबाट एकजनाको ज्यान गएको छ ।



मृत्यु हुनेमा जीतपुरसिमरा उपमहानगरपालिका-१६ टाँगियाबस्तीका ४५ वर्षीय गापाङ दर्लामी मगर रहेका छन् । बस्तीको पश्चिम-दक्षिणतर्फ बस्तीदेखि करीब तीन सय मिटर वनक्षेत्रमा पशु चौपायाका लागि पत्तकर लिएर घर आउने क्रममा एक्कासि हात्तीले आक्रमण गरी ज्यान लिएको अवस्थामा गोठालाहरूले थाहा पाएपछि बस्तीमा हल्लाखल्ला भएको थियो । उनको शव भएको स्थानमा जङ्गली हात्तीको पाइला भेटिएको र खोजतलाश गर्दा बस्तीनजीकैको जङ्गल र बस्तीमा लगाएको केराबाली हात्तीले राति अबेरसम्म खाइरहेको स्थानीय समाजसेवी रमेश सापकोटाले बताए ।

घटना दिउँसो करीब २ बजेतिर भएको अनुमान लगाउँदै गोठालाहरूले करीब ३ बजेतिर थाहा पाएको उनले बताए । घटनाको जानकारी दिए लगत्तै डिभिजन वन कार्यालय, बाराका कर्मचारी, प्रहरी घटनास्थल पुगी शल्यपरीक्षणको लागि शव कलैया अस्पताल लगिएको थियो ।

विगत डेढ दशकयता बाराका करीब १६ जनाको जङ्गली हात्तीले ज्यान लिएको जसमध्ये टाँगियाबस्तीमा मात्रै हालसम्म छजनाले ज्यान गुमाएको समाजसेवी सापकोटाले जानकारी दिए । पर्सा राष्ट्रिय निकुञ्ज विस्तारपछि पछिल्लो समय बाघको सङ्ख्या बढेर जङ्गली हात्ती, चितुवालगायत अन्य वन्यजन्तु बस्तीमा पस्न थालेका छन् ।

## पाँच लाख मूल्यबराबरको सालको गोलिया र जीप नियन्त्रणमा

प्रस, निजगढ, १७ फागुन/

डिभिजन वन कार्यालय, रौतहटले सालको गोलिया लोड जीप नियन्त्रणमा लिन सफल भएको छ ।

जङ्गलसैयाबाट दक्षिणतर्फ जाँदै गरेको ना.४च १२७० नम्बरको जीपलाई शङ्का लागेर सशस्त्र वनरक्षकको टोलीले पछ्याउने क्रममा भाग्दै गर्दा पल्टिएको अवस्थामा बुधवार राति करीब ३ बजे फेला पारेको हो ।

वन कर्मचारीले पछ्याएको थाहा पाएसँगै गुडिरहेको जीपलाई छोडेर चालक र अन्य काठ तस्कर समूह भागेको घटनास्थल पुगेका वन सुरक्षाकर्मीहरूको अनुमान छ ।



तस्वीरः प्रतीक



गोलिया लोड जीपलाई रौतहटको गुजरा नगरपालिका-४ कनकपुर सिम्री बस्तीमा पल्टिएको अवस्थामा फेला पार्न सफल भएको डिभिजनल वन अधिकृत सुनीलकुमार कर्णले बताए । चलिरहेकै अवस्थामा चालकले जीप छोड्दा पल्टिएर केही घरका पालीहरूमा सामान्य क्षतिसमेत भएको उनले जानकारी दिए । सो जीपमा रहेका नौ थान सालका गोलियाको परिमाण १०९.७७ क्यूफिट रहेको डिवका, रौतहटले जनाएको छ । उक्त गोलियाको हाल बजार मूल्य लगभग पाँच लाख रहेको छ ।

निजगढ नपा-१ सिगौल कछडिया टोल र रौतहटका काठ तस्कर समूहले उक्त गोलिया रौतहट इँटाभट्टामा बिक्री गर्न लगिएको हुन सक्ने अनुमान छ । उक्त पल्टिएको जीपलाई उठाइ छरिएका गोलियालाई रौतहट वन कार्यालयले वन कार्यालय परिसरमा ल्याइ सुरक्षित पारिसकेको जनाउँदै घटनाको अनुसन्धानका लागि डिवका, रौतहटले अनुसन्धान अधिकृत तोकी अनुसन्धान शुरू गरेको जनाएको छ । रातको समयमा उक्त घटना भएकोले मानवीय क्षति भने नभएको वन कार्यालय, रौतहटले जनाएको छ ।

## ओडार माविमा चार कोठे भवनको शिलान्यास

प्रस, ठोरी, १७ फागुन/

ठोरी गाउँपालिका-३ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, ओडारमा बुधवार गापा अध्यक्ष लालबहादुर श्रेष्ठले चार कोठे भवनको शिलान्यास गरेका छन् ।

अध्यक्ष श्रेष्ठले शिक्षाको विकासमा कुनै कुराको कमी हुन नदिने बताए । उनले निश्शुल्क शिक्षा र शैक्षिक वातावरण निर्माणको जिम्मा गापाको जेठ महीनाभित्र चार कोठे भवनको निर्माण कार्य सम्पन्न हुने विद्यालय



तस्वीरः प्रतीक

रहेको बताए । उनले आफ्नै पहलमा शैक्षिक सुधार गर्न परामर्श र सुझाव समिति गठन गरिएको बताए । उक्त समितिले सामुदायिक विद्यालयहरूको अवलोकन गरी सोको प्रतिवेदन दिएपछि आगामी शैक्षिक सत्रदेखि नयाँ ढङ्गले अघि बढ्ने बताए । राष्ट्रपति शैक्षिक सुधार योजना अन्तर्गत रु ४५ लाखको लागतमा व्यवस्थापन समितिका अध्यक्ष बलबहादुर श्रेष्ठले जानकारी दिए ।

शिलान्यास कार्यक्रममा वडाध्यक्ष शम्भु खड्का, ठोरी गापाका शिक्षा संयोजक भुपालकुमार जोशी, रुद्र खडका, दिलबहादुर श्रेष्ठ, धावासाङ्गे लामा, पार्वती सुवेदी, दिलमाया श्रेष्ठलगायतको सहभागिता थियो ।

## छोटकरी

### आत्महत्या

प्रस, सेढवा, १७ फागुन/

जीराभवानी गाउँपालिका-३ परसवा निवासी तेजनारायण गौरोका १८ वर्षीय छोरा सुमित गौरोले बुधवार आत्महत्या गरेका छन् ।

परसवास्थित चिरान मिलभन्दा उत्तर सिसौंघारीमा रहेको शिरीषको रूखमा गौरोले पासो लगाएर आत्महत्या गरेको प्रहरीले जनाएको छ । आत्महत्याको कारणबारे प्रहरीले अनुसन्धान गरिरहेको छ ।

## विद्युत् चुहावट गर्ने आठजना पक्राउ, फ्रिज नियन्त्रण

प्रमोद यादव, पंचगावाँ, १७ फागुन/

नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रको चुहावट नियन्त्रण टोली र इलाका प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल पोखरियाको संयुक्त टोलीले मङ्गलवार मध्यराति अनुगमन गर्ने क्रममा विद्युत् चुहावट गर्ने आठजनालाई पक्राउ गरेको छ ।

विद्युत्को तारबाट हुकिङ गरेर विद्युतीय उपकरण चलाइरहेका आठजनासहित एउटा फ्रिज नियन्त्रणमा लिइएको थियो ।

पक्राउ परेकाहरूलाई इलाका प्रहरी कार्यालयको हिरासतमा राखिएको पोखरिया वितरण केन्द्रका प्रमुख जगन्नाथ झाले बताए ।




पक्राउ पर्नेमा विन्ध्यवासिनी गाउँपालिकाको बहुअर्वा निवासी अजय राम, सखुवाप्रसौनी गापा लखनपुर बस्ने जगदीश कम्कर, सखुवनियाका शम्भु महतो थारू, जीराभवानी गापा, सखुवनियाका रामशरण माझी, हरैयाका शिवनारायण चौधरी, नौकाटोलाका ब्रह्मानन्द महतो थारू, ठग पञ्जियार, जगरनाथपुर गापाका जगर मियाँ अन्सारी रहेका छन् ।

**विचारसार एवं सूक्तिहरू**

**फट्याङ्ग्रा वर्षात्मा हरियो हुन्छ भने गर्मीमा पहेंलो। व्यक्ति पनि जस्तो वातावरणमा रहन्छ, त्यस्तै बन्न पुग्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# नेपालका कम्युनिस्टहरू

**सर्वहारा श्रमिकहरूको पक्षमा राजनीति गर्दै समाजवादसम्म पुग्ने लक्ष्य राख्ने नेपालका कम्युनिस्टहरू जुट्नुभन्दा फुट्न बढी जानेका छन्। सिद्धान्त र विचारभन्दा पदका निम्ति नेपालका कम्युनिस्ट पार्टीहरू बारम्बार विभाजित हुँदै आएका छन्। फेरि पनि उनीहरू आफ्नो दोष भने अरूको टाउकोमा थोपर्छन्। नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को निर्माण र विभाजनमा देखिएका भित्री कारणहरू खोतलेर विश्लेषण गर्ने हो भने पार्टीमा पद, सत्तामा प्रधानमन्त्री र मन्त्री जस्ता पदहरू नै नेताहरूको सर्वाधिक चासोका विषय बनेको पाइन्छन्। व्यक्तिगत स्वार्थका अघि पार्टीको विचार र सिद्धान्तलाई तिलाञ्जलि दिएको छर्लङ्ग छ। देश र जनतालाई केन्द्रबिन्दुमा राखेर कम्युनिस्ट पार्टीमा छलफलसमेत भएको पाइँदैन। मुखले देश र जनता भने पनि त्यसको मुख्य निशाना भने पद र स्वार्थ नै देखिने गरेको छ।**

**यो कुनै एउटा पार्टीभित्रको मात्रै कुरा होइन। उनीहरूबीच दुई वा दुईभन्दा धेरै कम्युनिस्ट पार्टीबीच सहकार्य तथा सहअस्तित्वको कुरामा पनि यही स्वार्थ बाधकको रूपमा छ। छापामार युद्ध लडेर आएको माओवादी डेढ दशक बित्न नपाउँदै हात्तीबाट मुसोमा परिणत भइसक्यो। त्यसैगरी, एमाले पटक–पटकको फुटबाट अधोगतितर्फ छ। वैकल्पिक शक्ति तयार भइनसकेको कारण मात्रै आजसम्म नागरिकले यिनीहरूलाई बाँकी राखेका हुन्। त्यो कुरा यसपालिको चुनावले पनि सङ्केत गरिसकेको छ। यो अवस्थामा पनि कम्युनिस्ट विचारलाई धराशयी बनाउने र जसरी पनि सत्तामा डुबिरहने खेलमा उनीहरू लागिरहेकै छन्। कम्युनिस्ट नेताहरूले कुर्सी मोहलाई लुकाउन पार्टी फुटाएर अध्यक्ष र महासचिव बन्ने होड नत्यागेसम्म कम्युनिस्ट ध्रुवीकरणको नारा कुरामैं सीमित हुने देखिन्छ। अरू त अरू पद नपाएपछि पार्टी फुटाएर महासचिव हुनेहरूले ध्रुवीकरण गर्दा एक मात्रै महासचिव सकार्ने अवस्था पनि देखिंदैन। ठूलाको कुरा छाडौं, अहिले चार साना कम्युनिस्ट पार्टी एक हुने भन्नेमा पनि यही कुरा बाधक बनेको छ।**

**नेकपा विभाजनको दोष अदालतलाई लगाइयो। अहिले एमाले र माओवादी गठबन्धन टुट्नुलाई विदेशीको दोष लगाइरहेका छन्। नेपाली कम्युनिस्ट पार्टीमा जुट्नेभन्दा टुट्ने क्रम उनीहरूको विशेषता बनिसक्यो। उनीहरूको मार्गदर्शक सिद्धान्त नै टुटफुट देखिन्छ। सिद्धान्तको कसी व्यवहार हो भन्नेहरूले व्यवहारमा त यही देखाएका छन्। चुनावबाट झन्डै दुई तिहाइ बहुमत ल्याएको कम्युनिस्ट पार्टी तीन वर्ष नबित्दै तीन चिरा परे। उसो त नेपालको राजनीतिक इतिहासमा दलहरूबीचको एकता र फुट नौलो होइन। त्यसमा पनि कम्युनिस्ट पार्टीबीचको विभाजनले कीर्तिमान नै राखेको छ। शान्ति प्रक्रियामा आएपछि नेकपा माओवादी पटक–पटक फुट्ने, जुट्ने र फेरि जुट्ने क्रम चलिरह्यो। यो अझै सकिएको छैन। नेपालमा कम्युनिस्ट जनमत राम्रो छ। मिल्ने हो भने विदेशीले केही गर्न सक्दैन। टुटफुटको बीचमा अरूले खेल्ने हो। कम्युनिस्ट पार्टीहरूमा सरकार चलाउने ढङ्ग रहेनछ भन्ने सन्देश जनमानसमा परिसकेको [redacted] नपुग्नु भनेको नागरिकको आशा [redacted] समानता र साम्यवाद मुख्य नारा [redacted] नेताहरू विलासी जीवनशैली, [redacted] र यौन दुराचारसम्मका [redacted]। यसले कम्युनिस्ट आन्दोलनलाई [redacted]**

# परिवर्तनका लागि युवाहरूको भूमिका

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**आजको युवाले आफ्नै देशमा काम गर्ने, यहींको पर्यावरणमा सुधार गर्न दृढ मनोविज्ञान बनाउनु जरूरी छ। फेरि पनि कसैलाई देखाउनका लागि होइन कि राम्रो गर्दै गयो भने देख्नेहरू धेरै हुन सक्छन् भन्ने मनमा राखेर यहाँको माटोमा श्रम र सीप खन्याउने अठोट गर्नुपरेको छ।**

परिवर्तन भन्नुको अर्थ राजनैतिक परिवर्तन मात्र होइन। परिवर्तनको सोझो बुझाइ बदलाव हो। परिवर्तन सकारात्मक वा नकारात्मक दुवै हुन सक्छ। सकारात्मक परिवर्तनले मानिस वा समाजलाई अग्रगति दिन्छ भने नकारात्मक परिवर्तनले समाजलाई अधोगतितिर लैजान्छ। मानिसले चाहेर वा नचाहेर पनि परिवर्तन हुन सक्छ। हरेक दिन कोही कसैले चाहेर आइरहेको हुँदैन, हरेक दिन एकै किसिमको हुँदैन। हरेक दिनमा केही फरक हुन्छ। हरेक दिन नौलो हुन्छ। यसैले परिवर्तन हरेक दिन हरेक कुरामा भइरहेको हुन्छ भन्न सकिन्छ। परिवर्तनको आधार व्यक्ति होइन, समय हो। परिवर्तन त प्राकृतिक नियम हो। प्राकृतिक परिवर्तनमा मानिसले हस्तक्षेप गर्ने हो। मानिसको हस्तक्षेपले नदीबाट नहर निकालिएको छ, बिजुली निकालिएको छ, नदीमाथि सडक र पुल बनेका छन्। आकाशमा हवाईजहाज उडेका छन्, समुद्रमा जहाज चलेका छन्।

सरकारले परिवर्तनमा निकै ठूलो सकारात्मक भूमिका खेल्दछ। सरकारले गर्ने परिवर्तन भनेको भौतिक परिवर्तन हो। विकास र निर्माणका कार्यहरू गरेर सरकारले पहिलेको संरचनालाई नयाँ स्वरूप दिएर बढी सुविधापूर्ण बनाउन सक्छ। सरकारको भूमिका परिवर्तनको सबै क्षेत्रमा हुन सक्छ। सरकारले मुख्य र निर्णायक परिवर्तन गर्न सक्छ। सरकारले नीतिगत तथा भौतिक संरचनागत परिवर्तनमा सबै वर्गको सहयोग लिन सक्छ। सामाजिक परिवर्तनमा पनि निकै महत्त्वपूर्ण भूमिका सरकारको हुन सक्छ। यसको लागि ऐन बनाउने, कार्यान्वयन गराउने तथा समीक्षा गरी कमी–कमजोरी हटाउने काम गर्न सक्छ। सरकारले लागू गर्ने परिवर्तनका योजनालाई कार्यान्वयनमा ल्याउन युवा समुदायले सबैभन्दा ठूलो सहयोगी भूमिका खेल्न सक्छ। युवावर्गले सबैभन्दा महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्न सक्छ र समाजलाई नयाँ गति दिन सक्छ।

हाम्रो देशमा एकपछि अर्को राजनैतिक परिवर्तनहरू भएका छन् तर हामीसँगै प्रजातन्त्र प्राप्त गरेका, हाम्रोजस्तो अवस्थाका कतिपय देशले निकै राम्रो प्रगति गर्न सकेका छन्। कम समयमा प्रगति गर्ने र राज्यलाई धेरै बोझ नपर्ने उपाय भनेको सहकारिताको इमानदारीपूर्ण कार्यान्वयन हो तर दुर्भाग्य अहिले देशका केही आर्थिक सूचकहरूले बढी सचेत हुनुपर्ने अवस्था दर्शाइरहँदा बैंक तथा वित्तीय संस्थाहरूबाट सर्वसाधारण पीडित भएको बताईदैछ। दिनहुँ यस्ता समाचार आइरहेका छन्, जसमा केही वित्तीय संस्थाबाट सीमान्त वर्गले पाएको पीडा सार्वजनिक भइरहेका छन्। यस्तो पीडादायी अवस्थाले समाजमा सकारात्मक परिवर्तन सम्भव हुँदैन। एकातिर मानिसमा ऋण लिएर दुरुपयोग गर्ने प्रवृत्ति विकसित हुन्छ भने अर्कोतिर रकमले सामाजिक तथा आर्थिक प्रगतिमा सकारात्मक भूमिका खेलेको अर्थ लाग्दैन। यस्तो अवस्थामा युवावर्गले नै सबैभन्दा बढी सचेततापूर्वक समाजलाई अगाडि बढाउने नेतृत्व लिन आवश्यक हुन्छ। युवाले चाहेमा धेरै हदसम्म आर्थिक विकृति रोक्न सकिन्छ।

युवाले सबैभन्दा पहिले आफूमा नै परिवर्तन ल्याउनु जरूरी छ। सबैभन्दा पहिले आफ्नो मानसिकतामा परिवर्तन ल्याउन आवश्यक छ। आजभोलि किशोर किशोरी उमेरमा नै यो कुरा मनोविज्ञानमा सेट हुन थालेको छ कि अब केही वर्षमा म विदेश जान्छु। कोही पढ्नको लागि र कोही पढाइ छाडेर रोजगारको लागि। पढ्नको लागि विदेश जान्छु भन्नेहरूले पढाइ राम्रो गरिरहेका छन् तर जो छरछिमेकी वा परिवारकै कोही अठार–उन्नाइस वर्षको उमेरमा विदेश पुगिरहेको र त्यहाँबाट पैसा पठाइरहेको देखिरहेको भोगिरहेको छ भने तिनमा पढेर केही हुँदैन भन्ने मनोविज्ञान पर्न गएको हुन्छ। विदेश गएर राम्रो आम्दानी हुन्छ भन्ने भ्रमबाट युवा समुदाय मनोवैज्ञानिकरूपमा सचेत हुनु आवश्यक छ। विदेशमा जाने मनोविज्ञान निर्धारण भइसकेपछि एक किसिमले लक्ष्य नै विदेश पलायन हुन जान्छ। विदेश पलायन लक्ष्य भएको मनोविज्ञानले यहाँको समाजमा केही गर्दैन। यसैले सबैभन्दा पहिले विदेशको मनोविज्ञान रोक्नुपर्छ र आफ्नो क्रियाशीलतामा किशोरावस्थादेखि नै परिवर्तन ल्याउनु जरूरी छ। मैले यहीं बसेर केही गर्नुछ र मलाई यहींको योग्य नागरिक बन्नुछ भन्ने भाव र भावना मनमा उमारेर हरेक सूर्योदयमा आफ्नो भविष्यको नयाँ बिहानी हेर्नुपर्छ।

युवालाई परिवर्तनको संवाहक भनिन्छ। यो विचार पुरानो हो, अर्थात् निकै पहिलेदेखि नै युवालाई परिवर्तनको वाहक मानिंदै आएको छ। युवाले परिवर्तनलाई सम्भव गराउँछ। यदि युवाको काँधमा जिम्मेवारी र मनमा इमानदारी महसूस भयो भने त्यहाँको समाजमा परिवर्तन अत्यन्त स्वाभाविक हुन आउँछ। परिवर्तन अत्यन्त हार्दिक र सुन्दर हुन आउँछ। युवामा जोशको भण्डार हुन्छ तर यदि युवाको अठोट पनि परिवर्तनशील भइरह्यो भने र परिवर्तनशीलताको अर्थ अस्थिर मनस्थिति भइदियो भने युवा कुहिरोको काग बन्न पुग्छ। कुहिरोको काग भन्नुको तात्पर्य उद्देश्य हराएको, लक्ष्य खोजिरहेको अनि पूर्णतया आफैंप्रति विश्वस्त हुन नसकेको अवस्था हो। आफैं भविष्य बनाउँछु भन्ने विश्वास दृढ हुने हो र त्यो विश्वास यदि आफ्नो समाज अनुकूल छ भने युवाले समाजमा धेरै परिवर्तन गर्न सक्छन्। युवाको काँधमा आएको जिम्मेवारीलाई सजिलै र आनन्दपूर्वक पार लगाउन सक्छन्।

अहिलेको युवामा जसरी पलायनवादी सोच रहेको छ त्यसलाई नै परिवर्तन गर्ने पहिलो आवश्यकता हो। यदि राम्ररी विचार गर्ने हो भने शिक्षार्जनका लागि विदेश जाने युवाको वर्गलाई विचार गर्ने हो भने चेतना र आर्थिक दुवै दृष्टिकोणले सक्षम मानिस मात्र विदेश गइरहेका छन्। यसविपरीत यदि कामको खोजीमा विदेश जाने युवाको वर्गलाई विचार गर्ने हो भने तुलनात्मकरूपले चेतना र आर्थिक दुवै दृष्टिकोणले समाजमा कमजोर रहेकाहरू बढी छन्। चेतनशील तथा आर्थिक दृष्टिकोणले सक्षम तथा शिक्षा र अर्थ दुवैमा पछाडि परेका गरी दुवै वर्ग वा पक्षका मानिसमा, दुई फरक उद्देश्यले, विदेश पलायनको मनोविज्ञान रहेको छ भने यस अवस्थामा यहाँ बस्न रुचाउने तथा यस समाजको उत्थान गर्न चाहनेको सङ्ख्या त स्वाभाविकरूपमा कम हुन जाने देखिन्छ। समाजमा समर्पणको भावना राख्ने युवा त स्वाभाविकरूपमा कम हुन्छ। यसमा परिवर्तन आवश्यक छ। यस किसिमको मनोविज्ञानलाई समाजले परिवर्तन गर्नेतर्फ विचार गर्नुपरेको छ। र, फेरि पनि यसमा युवा वर्गकै भूमिका सबैभन्दा ठूलो र वर्तमान अवस्थामा निर्णायक पनि हुने देखिन्छ। यदि युवा सक्रिय भएर मलाई यसै देशको माटोमा काम गर्नुछ र मलाई यसै देशको शिक्षा प्रणालीमा आफूलाई अब्बल साबित गर्नुछ भन्ने सङ्कल्प हुन सक्यो भने यहाँको माटोमा रहेको उर्वराशक्तिको उपयोग सम्भव छ, यहाँ उद्योगधन्दाको विकास सम्भव छ र यहाँको शिक्षामा पनि उत्पादकत्व रहेको छ भन्ने देखाउन सम्भव हुन्छ।

युवा मनोविज्ञानमा देशप्रति, समाजप्रति र आफूप्रति नै विशेष जिम्मेवार हुने परिवर्तन आउनु जरूरी छ। युवाले म आफ्नो लागि, आफ्नो समाजको लागि र आफ्नो देशको लागि यहीं बसेर सकारात्मक काम गर्न सक्छु, यहाँको वातावरणमा जे अपुग छ, जे नकारात्मक छ र जे सुधार गर्न सक्छु जस्तो लाग्छ त्यसमा सकेको सकारात्मक योगदान दिने सोच आउनु आवश्यक देखिएको छ। परिवर्तन एकैचोटि सम्भव छैन, बिस्तारै हुन्छ। तर यदि कसैले मलाई यहीं काम गर्नुछ र यहींको लागि काम गर्नुछ भन्ने दृढ विश्वास पलाउँछ भने धेरै हदसम्म यो सम्भव छ कि पहिले आफूमा परिवर्तन हुन्छ। पहिले आफूलाई परिवर्तन गर्न सकिन्छ। आफूमा परिवर्तन ल्याउने हो, आफ्नो बाटो सही छ भनी देखाउन सक्ने हो भने त्यस बाटोलाई अरूले पनि पछ्याउँछन्। एउटाले प्रशंसा पायो भने अर्कोले पनि प्रशंसाको लोभमा त्यो काम गर्छ तर कुनै किसिमको लोभभन्दा अनुकरणीय वा उदाहरणीय बन्नु राम्रो हो।

आजभोलिका युवामा समूहगत अनुकरणको भाव प्रबल छ। दुई चारजना साथीको समूहले यसरी गर्नुपर्छ भन्ने भएपछि त्यसै गर्न रुचाउँछन्। नकारात्मक कुरो त जुनसुकै परिवेशमा सिक्नेले सिक्छन्। तर आजको युवाले आफ्नै देशमा काम गर्ने, यहींको पर्यावरणमा सुधार गर्न दृढ मनोविज्ञान बनाउनु जरूरी छ। फेरि पनि कसैलाई देखाउनका लागि होइन कि राम्रो गर्दै गयो भने देख्नेहरू धेरै हुन सक्छन् भन्ने मनमा राखेर यहाँको माटोमा श्रम र सीप खन्याउने अठोट गर्नुपरेको छ। यहींको माटोमा विकासको बाटो फराकिलो बनाउनुपरेको छ। कुनै किसिमले पलायनवादी मानसिकताको शिकार हुनुहुँदैन। मानसिकता नै पलायनवादी हुने हो भने हामी अरूलाई मात्र गाली गर्ने हुन सकौंला, कसैले यसमा तपाईंको भूमिका के रह्यो भन्ने प्रश्नको उत्तर दिन सकिन्न। हामीले खोजेको परिवर्तन यहीं समाजमा रहेर गर्ने हो र त्यसमा आफ्नो हिस्सेदारी पनि खोज्ने हो। समाजको सकारात्मक परिवर्तनमा युवा भूमिका निकै ठूलो र निकै महत्त्वपूर्ण हुने कुरामा कुनै विवाद नहोला।

# कर नबुझाउने २९ जना करदातामाथि कारबाई शुरू




तस्वीरः फाइल

वीरगंज, १७ फागुन/रासस

आन्तरिक राजस्व कार्यालय, वीरगंज, पर्साले लामो समयदेखि कर नबुझाउने करदातालाई कारबाई गर्ने भएको छ।

दर्ता भएर पनि लामो समयदेखि कर नबुझाउने मूल्य अभिवृद्धि करका ४०३ र आयकरका ४२९ करदातामाथि कारबाई प्रक्रिया शुरू भएको सो कार्यालयले जनाएको छ।

प्रमुख कर अधिकृत ढाकाराम तिवारीले भने, "पहिलो चरणमा करदातालाई १५ दिने र सात दिने पत्र पठाइसकेका छौं। यसपछि पुनः तीन दिनको पत्र पठाउनेछौं।" पत्र प्राप्त गरेर पनि बक्यौता नबुझाए उनीहरूको बैंक खाता रोक्कासमेत गरिने उनले जानकारी दिए।

जिल्लामा एक लाख २४ हजार ३०५ करदाता रहेको कार्यालयले जनाएको छ। यसैबीच, बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह नगर्दा चालू आर्थिक वर्ष २०७९/८० को छ महीनाको अवधिमा आन्तरिक राजस्व कार्यालय, वीरगंजको राजस्व सङ्कलनमा कमी आएको छ।

सो कार्यालयका अनुसार चालू आर्थिक वर्ष २०७९/८० को छ महीनाको अवधिमा रु चार अर्ब ७३ करोड १६ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा ६६ दशमलव ६१ प्रतिशत अर्थात् रु तीन अर्ब १५ करोड १६ लाख मात्र राजस्व सङ्कलन भएको छ।

चालू आर्थिक वर्षको छ महीनामा अन्तःशुल्कतर्फ रु एक अर्ब ३१ करोड ९५ लाख २९ हजार, आयकरतर्फ रु एक अर्ब चार करोड ८८ लाख ६९ हजार, मूल्य अभिवृद्धि करतर्फ रु ७३ करोड ६७ लाख ६६ हजार, ब्याजकरतर्फ रु दुई करोड ४० लाख २३ हजार र घरबहाल करतर्फ रु दुई करोड २४ लाख ९९ हजार राजस्व सङ्कलन भएको सो कार्यालयका सूचना अधिकारी सञ्जय सरदार क्षेत्रीले जानकारी दिए।

विभिन्न कारण देखाउँदै बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह नगरेको तथा विभिन्न सामानको आयातमा सरकारले गरेको प्रतिबद्धतालगायतका कारणले राजस्व सङ्कलन घटेको सूचना अधिकारी क्षेत्रीको भनाइ छ।

गत आर्थिक वर्ष २०७८/७९ मा सो कार्यालयले नौ अर्ब ४४ करोड ४५ लाख ७५ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकोमा लक्ष्यको ९२ दशमलव ३० प्रतिशत अर्थात् रु आठ अर्ब ७१ करोड ६९ लाख ६० हजार राजस्व सङ्कलन गरेको थियो।

**सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८**

# हरपुरमा हुने इस्तिमा क्षेत्रको अवलोकन

प्रस, वीरगंज, १७ फागुन/

जीतपुरसिमरा उपमहानगरपालिका–२४ स्थित हरपुरमा फागुन २७–३० गतेसम्म हुने इस्तिमाको लागि वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले निरीक्षण गरेका छन् ।

करीब ४० बिघा क्षेत्रफलमा हुने इस्तिमामा बाहिरबाट आउने पाहुनाहरूको लागि खानेपानीको धारा २४ वटा र शौचालय छ सयवटा निर्माण गरिएको छ । इस्तिमामा वन्जु खाना, इस्तिजा खाना, गुसलखानाको व्यवस्था गरिएको छ भने १२ सयजना स्वयंसेवक खटाइने बताइएको छ ।




निरीक्षण टोलीमा नेपाली काङ्ग्रेसका नेता सज्जाद हुसेन, उपप्रमुखका स्वकीय सचिव शेख हजरा, वीरगंज मनपाका कर्मचारी कमल महतो, नेकाका धर्मराज यादव, राहुल गुप्तालगायतको सहभागिता थियो ।

# लागूऔषध नियन्त्रणबारे अन्तर्क्रिया

प्रस, वीरगंज, १७ फागुन/

समुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत अन्तर्राष्ट्रिय लागूऔषध दिवसको अवसरमा सामुदायिक सेवा केन्द्र, छपकैयाले मोडेल कलेजमा लागूऔषधसम्बन्धी जनचेतनामूलक कार्यक्रम बुधवार गरेको छ ।

कार्यक्रममा वीरगंज महानगरका उपप्रमुख इम्तियाज आलमले लागूऔषध सेवन र ओसारपोसारमा आफ्ना छोराछोरीलाई लाग्न नदिन अनुरोध गरे ।

कार्यक्रममा वडा प्रहरी कार्यालय, बिर्ताका प्रमुख प्रहरी निरीक्षक विदुर शिवाकोटी र मनीषा लौडारीले कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई लागूऔषधबारे जानकारी गराएका थिए ।

सामुदायिक सेवा केन्द्र, छपकैयाका अध्यक्ष हाजी ग्याँसुद्दीन ठकुराईको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्षद्वय महमद रेयाज मियाँ तेली, वडाध्यक्ष बैजु स्वर्णकार, केन्द्रका वरिष्ठ उपाध्यक्ष मोहम्मद अब्दुल हक, सचिव प्रवीण विक्रम शाह, कोषाध्यक्ष प्रेमकुमारी सिंह, सदस्य अजितकुमार भुजेल, अब्दुल कैश मियाँ तेली, अरुणकुमार गोयल, ऐहसानुल हक, मोमिला खातुन, उपप्रमुखका स्वकीय सचिव शेख हजरा, कमल महतो, धर्मराज यादव, राहुल गुप्तालगायतको सहभागिता थियो ।




# अपराध नियन्त्रणबारे छलफल

प्रस, वीरगंज, १७ फागुन/

सामुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ग्रीनसिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगरले महिला, बालबालिका तथा नागरिकविरुद्ध हुने अपराध नियन्त्रणसम्बन्धी छलफल कार्यक्रम बुधवार गरेको छ । कार्यक्रममा वडा प्रहरी कार्यालय, बिर्ताका प्रहरी निरीक्षक विदुर सिवाकोटीले सहभागीहरूलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिकविरुद्ध हुने अपराध नियन्त्रण सम्बन्धमा छलफल गरेका थिए ।

कार्यक्रममा वडाध्यक्ष सुशीलकुमार साह कानू, व्यवस्थित वीरगंज अभियानका दिलीपराज कार्की, प्रनानि अशोक महतो, रूँगटा वेलफेयरका अध्यक्ष सुरेश रूँगटा, सामुदायिक आँखा अस्पतालका महेशसिंह धामी, केन्द्रका उपाध्यक्ष सञ्जय शर्मा, सचिव मुरली जालान, कोषाध्यक्ष ज्योति रूँगटा, सदस्य शेखर अग्रवाल, प्रकाश थारू, नूतन सरावगी, अप्साना खातुन, रतन टेमानीलगायतको सहभागिता थियो ।




# सर्लाहीमा पाँच हजारभन्दा बढी शिक्षक दरबन्दी रिक्त

सर्लाही, १७ फागुन/रासस

सर्लाहीका सामुदायिक विद्यालयमा पाँच हजारभन्दा बढी शिक्षक कर्मचारीको दरबन्दी खाली छ । जिल्लामा ४७८ सामुदायिक विद्यालय रहेकामा पाँच हजार ३१७ शिक्षकको दरबन्दी खाली छ ।

जिल्लामा ४७८ सामुदायिक विद्यालय रहेकामा दुई हजार ३८८ शिक्षक कार्यरत छन् भने पाँच हजार ३१७ शिक्षकको दरबन्दी खाली रहेको शिक्षा विकास तथा समन्वय एकाइ , सर्लाहीका प्राविधिक सहायक सुनील कुशवाहाले जानकारी दिए । त्यस्तै, विद्यालय सहायक परिचर ४७८, विद्यालय सहयोगी कर्मचारी ८६ तथा निजी स्रोतका शिक्षक १०८ दरबन्दीमा कार्यरत रहेका उनले बताए ।

जिल्लामा रहेका ४७८ सामुदायिक विद्यालयमा पाँच हजारभन्दा बढी जनशक्ति कार्यरत रहे पनि सामुदायिक विद्यालयको अवस्था दिनानुदिन खस्कँदो छ ।

जिल्लामा रहेका ४७८ सामुदायिक विद्यालयमा दुई हजार ९३९ शिक्षकको दरबन्दी अतिआवश्यक रहेको कुशवाहा बताउँछन् । रिक्त शिक्षक दरबन्दी पदपूर्ति नहुँदा सामुदायिक विद्यालयले गुणस्तरीय शिक्षा प्रवाह गर्न नसकेको गुनासो आउने गरेको उनको भनाइ छ ।




जिल्लामा अधिकांश सामुदायिक विद्यालयमा तहगत शिक्षक, विषयगत शिक्षक र विद्यार्थी तथा शिक्षकको अनुपात मिलान नहुँदा शिक्षा र अध्यापनमा सुधार हुन सकेको छैन । बीस स्थानीय तह रहेको सर्लाहीमा हरेक स्थानीय तहमा १० भन्दा बढी सामुदायिक विद्यालय छन् ।

सामदायिक विद्यालयको गुणस्तर खस्किंदो अवस्थामा रहेका कारण विद्यार्थी सङ्ख्या न्यून हुँदै गएको छ । केही विद्यालयमा विद्यार्थी सङ्ख्या धेरै रहेको भएपनि शिक्षकको अभाव छ । केही विद्यालयमा शिक्षक मात्र छन् भने केहीमा विद्यार्थी नै नभएको अवस्था छ ।

# फेब्रुअरीमा ७३ हजार पर्यटक

काठमाडौं, १७ माघ/रासस

अङ्ग्रेजी वर्ष सन् २०२३ को फेब्रुअरी महीनामा ७३ हजारभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्क अनुसार वर्षको दोस्रो महीना हवाई मार्ग भएर ७३ हजार २५५ पर्यटकले नेपाल भ्रमण गरेका छन् । जनवरी महीनामा ५५ हजार ७४ जना विदेशी पर्यटक नेपाल भित्रिएका थिए ।

अघिल्लो वर्ष सन् २०२२ को फेब्रुअरीमा १९ हजार ७६६ पर्यटकको नेपाल आगमन भएको थियो । सन् २०२१ को सोही महीनामा नौ हजार १४६ पर्यटकले नेपाल भ्रमण गरेका थिए । पछिल्ला दिनमा विदेशी पर्यटक आगमन उत्साहबर्द्धक रहेको बोर्डका निर्देशक मणिराज लामिछानेले बताए । फेब्रुअरीमा भारतबाट १८ हजार ४०१ पर्यटक आएका छन् । अमेरिकाबाट सात हजार ८८७

(बाँकी अन्तिम पातामा)




# हिउँदयाम सकिएसँगै प्रि–मनसुन शुरू

काठमाडौं, १७ फागुन/रासस

हिउँदयाम सकिएसँगै देशभर प्रि–मनसुन शुरू भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

मौसमविद् मञ्जु बासीका अनुसार हिउँदयाम सकिएर मार्च १ अर्थात् आजदेखि शुरू भएको प्रि–मनसुन तीन महीनासम्म रहने छ ।

प्रि–मनसुनको अवधि मार्च, अप्रिल र मेसम्म रहने, त्यसपछि मनसुन शुरू हुने उनले बताइन् ।

प्रि–मनसुनको समयमा दिउँसो मेघगर्जन/चट्याङ्का साथै हावाहुरी र असिना–पानीको सम्भावना रहने मौसमविद्ले बताएका छन् ।

यस मौसमी प्रणालीका समयमा स्थानीय वायुको प्रभाव धेरै हुने गरेको बताइएको छ ।

स्थानीय वायुको प्रभावका कारण आज दिउँसो पहाडी क्षेत्रका एक/दुई ठाउँमा हल्का वर्षाको सम्भावना रहेको मौसमविद् बासीले जानकारी दिइन् । उनका अनुसार आज सुदूरपश्चिम र कर्णाली प्रदेशका एक/दुई ठाउँमा हल्का वर्षा र हिमपातको सम्भावना छ ।

यस वर्ष हिउँदमा १४ वर्ष यताकै कम वर्षा भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । हिउँदयाम सकिने बेला केही दिन अघि काठमाडौं, पोखरासहित केही ठाउँमा हल्कादेखि सामान्य वर्षा भएको थियो । यस वर्षको हिउँदमा उच्च पहाडी र हिमाली जिल्लामा न्यून हिमपात भएको विभागले जनाएको छ । रासस




**बिक्रीमा राखिएका औजार** : सुनसरीको इनरुवास्थित हटियामा बिक्रीका लागि राखिएका फलामका घरेलु औजार । तस्वीर: रासस

# नेप्सेमा दोहोरो अङ्कको गिरावट

काठमाडौं, १७ फागुन/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा बुधवार दोहोरो अङ्कको गिरावट देखिएको छ । आज परिसूचक २४ दशमलव ४४ अङ्कले घटेर एक हजार ९९५ दशमलव ४९ बिन्दुमा कायम भएको हो ।




नेप्से परिसूचक करीब दुई महीनापछि दुई हजारको अङ्कभन्दा तल झरेको हो । आज २५७ वटा कम्पनीका ३७ लाख २९ हजार ९७६ कित्ता शेयर २६ हजार ४५४ पटक खरीद–बिक्री हुँदा रु एक अर्ब २८ करोड ८३ लाख ६३ हजार ४०० बराबरको कारोबार भएको छ ।

आज सबै समूहका उपसूचक घटेको छ । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक १५६ दशमलव ८१ र उत्पादन समूहको उपसूचक १११ दशमलव २० अङ्कले घटेका छन् । बैंकिङ समूह सात दशमलव ६३, विकास बैंक ५१ दशमलव ४५, वित्त समूह १० दशमलव ५७, होटल तथा पर्यटन समूह ४७ दशमलव ०७ र जलविद्युत् समूह ३४ दशमलव ९५ अङ्कले घटेको नेप्सेले जनाएको छ ।

त्यसैगरी, आज लघुवित्त समूहको उपसूचक १०४ दशमलव ६७ र निर्जीवन बीमा समूहको उपसूचक ९७ दशमलव ६२ अङ्कले घटेका छन् । लगानी समूह शून्य दशमलव ५६, म्युचुअल फन्ड शून्य दशमलव ११, व्यापार समूह २७ दशमलव ७१ र अन्य समूह १९ दशमलव ११ अङ्कले घटेका छन् । आज आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सबैभन्दा धेरै बोटलर्स नेपाल (तराई) लिमिटेडको शेयर मूल्य नौ दशमलव ६१ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आज माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको रु आठ करोड ७२ लाख ३७ हजार बराबरको एक लाख ७९ हजार ४९० कित्ता शेयर खरीद–बिक्री भएको छ ।

# समयअगाडि फुल्यो लालीगुराँस

– ध्रुवसागर शर्मा
गलेश्वर, १७ फागुन/रासस

चैत–वैशाखमा फुल्नुपर्ने लालीगुराँस म्याग्दीको जङ्गलमा माघ महीनादेखि फुलेर फागुन आइपुग्दा राताम्मे भएको छ। लालीगुराँस समयभन्दा अगाडि नै फुले पनि हिउँद घर्किसक्दासम्म अझै हिमपात भएको छैन।

गत आइतवार सामान्य वर्षा भएपनि माटो भिज्ने गरी हिउँदे वर्षासमेत नहुँदा हिउँदे खाद्यान्न उत्पादन घट्ने भयले किसान चिन्तित छन्। मौसममा आएको परिवर्तनले लालीगुराँस दुई महीनाअगाडि नै फुलेको स्थानीयवासी बताउँछन्। धवलागिरि गाउँपालिकाका झकबहादुर छन्त्याल चैत, वैशाखमा फुल्नुपर्ने लालीगुराँसमा माघमैं कोपिला लागेर मध्य फागुनसम्म आइपुग्दा जङ्गलै राताम्मे हुनेगरी ढकमक्क फुलिसकेको बताउँछन्। चैत दोस्रो हप्ता लालीगुराँस फुलेर जङ्गल राताम्मे हुनुपर्नेमा फागुन महीनामैं फुलेर सबैलाई अचम्मित बनाएको छ।

अघिल्लो वर्ष चैत–वैशाख महीनामा मात्र लालीगुराँस फुल्ने गर्दथ्यो। यस वर्ष हिउँदमा हिमपात नभएर वर्षा कम भएपनि लालीगुराँस भने राम्रोसँग फुलेको हो। पश्चिमी म्याग्दीको मालिका, मङ्गला, धवलागिरि र उत्तरी म्याग्दीको अन्नपूर्ण, रघुगङ्गा गाउँपालिकाका विभिन्न जङ्गलमा लालीगुराँस फुलेर राताम्मै भएको स्थानीयवासीको भनाइ छ।

लालीगुराँस फुलेसँगै जङ्गल रातै देखिन थालेपछि स्थानीयवासी रमाउन थालेका छन्। कृषि प्राविधिक जगत बानियाँ मौसममा आएको परिवर्तनका कारण तापक्रम वृद्धि भएकाले पनि लालीगुराँस चाँडो फुलेको हुन सक्ने बताउँछन्। उनका अनुसार उच्च हिमाली क्षेत्रमा चैत दोस्रोदेखि वैशाख महीनासम्म लालीगुराँस फुल्ने समय हो।

यसको बारेमा थप अध्ययन गर्नु आवश्यक रहेको उनको भनाइ छ।


तस्वीरः फाइल

**लालीगुराँससँगै रमाउन थाले पर्यटक**

यस वर्ष साबिकभन्दा पहिले नै लालीगुराँस फुलेर जङ्गल नै राताम्मै भएपछि लालीगुराँससँग रमाउन आन्तरिक पर्यटक लेक उक्लन थालेका छन्। यस वर्ष पुसदेखि नै लालीगुराँस फुलेर म्याग्दीका ग्रामीण जङ्गल राता देखिन थालेका छन् भने काफल र ऐंसेलुजस्ता जङ्गली फल पनि बेमौसममैं फल्न शुरू भएका छन्।

फागुनको मध्यदेखि कोपिला लाग्न शुरू हुने लालीगुराँस यस वर्ष भने फागुनको दोस्रो सातामा नै ढकमक्क फुलेका हुन्। यसैगरी, जङ्गली फलफूल र कन्दमूल पाक्न थालेका छन्। बेमौसममा नै लालीगुराँस फुल्नु र जङ्गली फलको मौसमी चक्र परिवर्तन हुनुमा तापमान अर्थात् जलवायु परिवर्तनको प्रत्यक्ष असर परेको वातावरणविद्हरूको भनाइ छ।

"लालीगुराँसको फूल चैत, वैशाख महीनामा फुल्ने गर्दथ्यो तर केही वर्षयता बढ्दै गएको गर्मीसँगै लालीगुराँस चाँडै फुल्न थालेको छ," बेनी नगरपालिका–२ ज्यामरूककोटका वेदप्रसाद उपाध्याय बताउँछन्। लालीगुराँस मात्रै नभएर अन्य फूलसमेत बेमौसममा फुल्न थालेका र अन्नबालीमा समेत यसको असर देखिएको मालिका गाउँपालिका–३ का जगबहादुर विक बताउँछन्। "अहिले बेमौसममैं काफल, तिदुलगायत जङ्गली फल पाकेको र गुराँस फुलेको देख्न पाइएको छ।" वातावरणविद् चन्द्रमणि सापकोटाका अनुसार स्वाभाविक समय अगाडि नै गुराँस फुल्नु र बेमौसमी फल फल्नु स्वाभाविक प्राकृतिक गुण नभएर वातावरणीय असर हो।

विश्वमा बढ्दो तापक्रम वृद्धि र जलवायु परिवर्तनका कारण कतिपय देखिने र धेरै नदेखिने परिवर्तन भइरहेका छन्। जलवायु परिवर्तनका कारण हिमाल, वनस्पति, मानव स्वास्थ्य र महिलाको प्रजनन प्रक्रियामा समेत धेरै परिवर्तन देखिएको उनी बताउँछन्।

**उच्च हिमाली बस्तीमा पनि लामखुट्टे**

गर्मी ठाउँमा मात्र पाइने लामखुट्टे हाल उच्च पहाडी र हिमाली भेगमा पनि देखिन थालेको छ। जलवायु परिवर्तनकै कारण जडीबुटी तथा वनस्पति लोप भइसकेका छन्। साथै पृथ्वीमा समयमैं पानी नपर्ने र परे पनि कहिले अतिवृष्टि त कहिले अनावृष्टि हुने भइरहेको छ। यसैगरी, कहिले अत्यधिक वर्षा भई धनजनको विनाश हुने त कहिले पानी नै नपरी खेतीबाली तथा वनजङ्गल नै सुक्ने अवस्था आइरहेको छ।

जलवायु परिवर्तनकै कारण नयाँनयाँ रोग देखिएका छन्। यसले विश्वकै लागि एक प्रमुख चुनौतीको विषय बनाएको र असर बढ्दै जाँदा नेपालका हिमाली क्षेत्रमा पाइने महत्त्वपूर्ण जडीबुटी यार्सागुम्बालगायत वनस्पति पनि लोप हुने खतरा बढेको छ।

वायुमण्डलको तापक्रम, हावाको बहाव र वर्षात्मा हुने घटबढका कारण पृथ्वीको कुनै पनि भागको मौसममा हुने परिवर्तन नै जलवायु परिवर्तन हो। पृथ्वीको वायुमण्डलमा खासगरी नाइट्रोजन, अक्सिजन, कार्बन डाइअक्साइडजस्ता ग्याँस घटबढ भएमा जलवायु परिवर्तन हुने मौसमविज्ञहरू बताउँछन्। हाल पृथ्वीको वायुमण्डलमा कार्बन डाइअक्साइड, नाइट्रोजन र मिथेनजस्ता ग्याँसको मात्रा दिन प्रतिदिन बढ्दै गइरहेकाले वायुमण्डल असन्तुलन भएर र हरितगृहको ग्याँस बढ्न पुग्दा पनि जलवायु परिवर्तन हुन्छ। जलवायुमा भएको परिवर्तनका कारण मानव स्वास्थ्यमा समेत नराम्रो असर देखिन थालेको चिकित्सक तथा वातावरणविज्ञ बताउँछन्।

# स्ववियु निर्वाचन : यस्ता छन् विद्यार्थीका मुद्दा

– शरद शर्मा
काठमाडौं, १७ फागुन/रासस

त्रिभुवन विश्वविद्यालय (त्रिवि)मा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको मिति नजीकिँदै गर्दा विद्यार्थी सङ्गठन घोषणापत्रको अन्तिम तयारीमा लागेका छन्। १४ वर्षदेखि नियमित हुन नसकेको स्ववियु निर्वाचन यसपटक निर्धारित मितिमा नै हुने भएपछि विद्यार्थी सङ्गठनहरू घोषणापत्रसहित निर्वाचनको तयारीमा जुटेका छन्।

विद्यार्थी सङ्गठनले आगामी स्ववियु निर्वाचनमा बेरोजगार शिक्षाको अन्त्य गरी रोजगारमूलक शिक्षा र त्रिवि सुधारलाई आफ्नो मुख्य–मुख्य मुद्दाका रूपमा अगाडि सारेका छन्।

आगामी चैत ५ गते हुने निर्वाचनका लागि विद्यार्थी सङ्गठनले स्ववियुलाई युवा संसद्का रूपमा विकास गर्ने, शैक्षिक गुणस्तर सुधार, त्रिविको शैक्षिक क्यालेन्डर सुधार गर्ने, त्रिविका पदाधिकारी नियुक्ति, खुला प्रतिस्पर्धा नियुक्ति, पाठ्यक्रम परिमार्जनलगायतका मुख्य मुद्दा अघि सारेर निर्वाचनमा होमिँदै छन्।

अनेरास्ववियुका अध्यक्ष समिक बडालले राजनीतिक परिवर्तन भइसकेपछि मूलतः त्रिविको शैक्षिक गुणस्तर र त्रिविलाई सुधार्ने मुद्दासहित स्ववियु निर्वाचनमा होमिने बताए। उनले स्ववियु मुलुकको नेतृत्व गर्ने थलो रहेकाले युवा संसद्का रूपमा स्ववियुलाई विकास गर्नुपर्ने बताए। "विगत १४ वर्षदेखि नियमित हुन नसकेको स्ववियु निर्वाचन यसपटक हुन थालेको छ," उनले भने, "यसपटक हामीले शैक्षिक मुद्दासहित नेतृत्व विकास गर्ने थलोका रूपमा रहेको स्ववियुलाई युवा संसद्का रूपमा लैजान पर्छ भन्ने रहेको छ।"

नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ)को स्ववियु निर्वाचन घोषणापत्रका संयोजक पूजन गन्धर्वले घोषणापत्र तयारी गरिसकेको बताए। उनले आफ्नो सङ्गठनको मुख्य मुद्दा शैक्षिक सुधार नै रहेको बताए। नेविसङ्घले शिक्षासँगै उद्यमशीलता र शैक्षिक प्रमाणपत्रसँगै रोजगार अभियान सञ्चालन गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षा क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने मुद्दा अघि सारेको छ।


तस्वीरः फाइल

यस्तै, सबै क्याम्पसमा स्ववियुलाई भ्रष्टाचाररहित बनाइ सक्षम नेतृत्व उत्पादन गर्ने थलोका रूपमा विकास गर्ने र स्ववियु र क्याम्पसको बजेटको वार्षिक लेखापरीक्षण गरी आर्थिक पारदर्शिता गराउने मुद्दा पनि बनाएको छ।

यस्तै, वैज्ञानिक, व्यावहारिक, प्राविधिक र अनुसन्धानात्मक शिक्षामा जोड, माध्यमिक शिक्षा सबै नेपालीका लागि अनिवार्य र निश्शुल्क बनाउन र उच्च शिक्षा सबैको पहुँचमा, गुणस्तरीय र सर्वसुलभ बनाउँदै क्रमशः निश्शुल्क बनाउने आफ्नूहरूको मुद्दा रहेको नेविसङ्घका पूर्वकेन्द्रीय सदस्यसमेत रहेका गन्धर्वले जानकारी दिए।

अनेरास्ववियु (क्रान्तिकारी)का महासचिव दीपेश पुनले स्ववियु निर्वाचनका लागि घोषणापत्र तयार पारिएको जानकारी दिए। उनले आगामी स्ववियु निर्वाचनका लागि त्रिविलाई बेरोजगार जनशक्ति नभई स्वरोजगार जनशक्ति उत्पादन गर्ने मुख्य मुद्दा रहेको बताए।

उनले त्रिविका पदाधिकारी भागबन्डा नभई खुला प्रतिस्पर्धाबाट नियुक्ति गर्नुपर्ने, शैक्षिक क्यालेन्डर समयमैत्री हुनुपर्ने, उत्पादित जनशक्तिलाई निरन्तर अनुसन्धान, उद्यम, रोजगार बनाउन पहल गर्ने, त्रिविबाट उत्पादित जनशक्ति र बजारबीच सम्बन्ध स्थापित गर्ने मुद्दा रहेको जानकारी दिए।

यस्तै, वार्षिकमा तीन महीना र सेमेस्टर प्रणालीमा एक महीनाभित्र परीक्षाफल प्रकाशित गर्ने, भौतिक र डिजिटल पूर्वाधार सम्पन्न आधुनिक पाठ्यक्रम अध्ययन अध्यापन गर्ने विश्वविद्यालय निर्माण गर्ने, स्नातकमा १० प्रतिशत, स्नातकोत्तरमा २० प्रतिशत र एमफिलमा २५ प्रतिशत पाठ्यक्रम विदेशी आगन्तुक प्राध्यापकबाट अध्यापन गर्ने व्यवस्था मिलाउने पनि मुद्दा क्रान्तिकारी रहेको छ।

अनेरास्ववियुका अध्यक्ष सुदेश पराजुलीले शिक्षाको निजीकरण अन्त्य, विश्वविद्यालय बेरोजगार उत्पादनका कारखाना रहेकोले बौद्धिक पलायन रोक्नका लागि आपत्कालीन शैक्षिक सुधार कार्यक्रम, सेमेस्टर र वार्षिक दुई किसिमका शिक्षा अन्त्य गरी एकै खालको शिक्षा, आङ्गिक क्याम्पस सुधार गर्नुपर्ने मुद्दा रहेको बताए।

नेविसङ्घका त्रिवि क्याम्पस नेता विष्णु बडैलाले त्रिविमा देखिएका विकृति, विसङ्गति सुधार आवश्यक रहेको बताए। उनले स्ववियु निर्वाचन नहुँदा त्रिवि नै अस्तव्यस्त रहेकाले आगामी स्ववियु निर्वाचनबाट त्रिविमा सुधार आउने बताए। उनले त्रिविमा रहेका परीक्षा नियन्त्रण कार्यालयलाई पूर्ण डिजिटल बनाउने, त्रिविलाई केन्द्रीय अनुसन्धानको केन्द्र बनाउने, छात्रालाई सेनिटेरी प्याडको सुलभ व्यवस्था गर्ने आफ्नो मुद्दा रहेको बताए।

उनले त्रिवि सेवा आयोग प्रत्येक छ/छ महीनामा विज्ञापन खोलेर योग्य दक्ष जनशक्ति ल्याउन जरुरी रहेको बताए। त्रिवि केन्द्रीय क्याम्पसका नेता तथा अखिलका केन्द्रीय सदस्य प्रशान्त भण्डारीले रोजगारमूलक शैक्षिक जनशक्ति उत्पादन, अनुसन्धानमूलक र सूचना प्रविधि शिक्षा आफ्नो मुद्दा रहेको बताए।

त्यस्तै, उनले अन्तर्राष्ट्रिय शैक्षिक अध्ययन र सीप त्रिविमा र विद्वान्को पलायन रोक्दै समुन्नत नेपाल निर्माण रहेको बताए।

आगामी चैत ५ गते देशभरका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धनप्राप्त क्याम्पसमा हुने स्ववियु निर्वाचनका लागि कार्यतालिकासमेत सार्वजनिक भइसकेको छ।

कार्यतालिका अनुसार यही फागुन १९ गते विद्यार्थी सङ्घ/सङ्गठन दर्ता, फागुन २१ गते मतदाता सूची प्रकाशन, फागुन २७ गते बिहान ११ देखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता तोकिएको छ। यस्तै, कार्यतालिका अनुसार मतदान चैत ५ गते बिहान ८ देखि अपराह्न ४ बजेसम्म तोकिएको छ।

प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचन २०६५ देखियता नियमित हुन सकेको छैन। विसं २०६५ चैत ६ गते भएको स्ववियु निर्वाचन एकैपटक आठ वर्षमा २०७३ चैत १५ गते भएको थियो।

## फरक समाचार

# कसरतबाट एन्जाइटीको उपचार

बदलिंदो जीवनशैलीमा अधिकांश व्यक्ति एन्जाइटीको शिकार हुन्छन्। एन्जाइटी कहिलेकाहीं केही महीना वा वर्षौंसम्म पनि हुने गरेको छ। एन्जाइटीलाई लिएर



समय–समयमा विभिन्न प्रकारका शोध हुन्छन्। चिकित्सकले यो रोगको निदानको लागि औषधि दिन्छन्। हालै गरिएको एउटा शोधले एन्जाइटीको उपचारमा कसरत निकै प्रभावकारी भएको जनाइएको छ।


अस्ट्रेलियामा गरिएको शोध अनुसार एन्जाइटीको उपचारको लागि व्यायाम चिकित्सा वा औषधिभन्दा बढी प्रभावी हुन सक्छ। अध्ययनमा त्यस्ता मानिसलाई सहभागी गराइएको थियो, जुन १२ सातादेखि नियमितरूपमा शारीरिक गतिविधि गर्दथे। उनीहरूमा अवसाद, चिन्ता वा मनोवैज्ञानिक सङ्कटमा सुधार हुने सम्भावना, चिकित्सा वा प्रमुख औषधिका साथ उपचार गराउनेहरूभन्दा १.५ गुना बढी थियो। व्यायाम गर्नेहरू छिट्टै एन्जाइटीबाट छुटकारा पाएको देखियो।

शोधकर्ताको सुझाव छ, एन्जाइटीबाट छुटकारा पाउन कसरतलाई प्राथमिकता दिनुपर्छ। उच्च तीव्रता भएको व्यायाम गर्नाले अवसाद र चिन्तामा बढी सुधार देखियो। एरोबिक व्यायाम जस्तै हिंड्ने, प्रतिरोध प्रशिक्षण, पाइलेट्स र योगसहित सबै प्रकारका शारीरिक गतिविधि एन्जाइटीको उपचारमा सहयोग पुऱ्याउँछ।

एन्जाइटीलाई लिएर यो अध्ययन फेब्रुअरीमा ब्रिटिश जर्नल अफ स्पोर्ट्स मेडिसिनमा प्रकाशित भएको थियो। जसमा भनिएको छ, मानसिक स्वास्थ्यमाथि व्यायामले सबैभन्दा बढी लाभ पुऱ्याउँछ। अवसाद, एचआइभी वा मिर्गौलाको बिमारीका व्यक्तिलाई पनि यसबाट लाभ पुग्छ। जो महिला गर्भवती थिइन् वा प्रसवोत्तर अवधिमा थिइन्, उनीहरूमा पनि व्यायामबाट मानसिक स्वास्थ्यमा सुधार देखियो। मानसिक स्वास्थ्यमा सकारात्मक बदलाव ल्याउन व्यायाम गर्नुपर्ने शोधकर्ताले बताएका छन्।

# प्वाल परेको खप्परको रहस्य खुल्यो

इजरायलमा खोजिएको कास्य युवाको मानव खप्परमा चारकुने प्वालको रहस्य सुल्झिएको छ। शोधकर्ताले यो प्वाल करीब ३५ सय वर्ष पहिलेको व्यक्तिको खप्पर सर्जरीको लागि बनाइएको बताएका छन्। यो ब्रेन सर्जरीको




दोस्रो सबैभन्दा पुरानो प्रमाण भएको दावी गरिएको छ, जसलाई ट्रेफिनेशनको रूपमा जानिन्छ। कङ्काल सन् २०१६ मा उत्तरी इजरायलको मेगिद्दोमा एउटा प्राचीन मकबरामा खोजिएको थियो। तब पुरातत्त्वविद्हरूलाई कङ्कालको एउटा जोडी भेटिएको थियो। मकबरा पनि सुन, चाँदी, कांस्य, जवाहरात, चिनियाँ माटोको भाँडो र अन्य विलासिताले भरिएका सामान भेटिएका थिए। यसबाट इङ्गित हुन्छ कि यो कङ्कालको अवशेष कुनै धनी प्राचीन परिवारका सदस्यको हो।

अमेरिका, इजरायल र अस्ट्रियाका शोधकर्ताले यी अवशेषको डिएनएको विश्लेषण गरे। यसबाट पत्ता लाग्यो कि यो कङ्काल दुई भाइको हो, जसमध्ये एकजनाको खप्परमा चारकुने आकारको एउटा ठूलो प्वाल थियो। यो प्वाल निधारको माथि कुनै चोखो वस्तुले बनाइएको थियो। हाडलाई यति सूक्ष्म ढङ्गले काटिएको थियो कि हाडमा चिल्लो किनार छ। यसबाट थाहा हुन्छ कि त्यस समयका चिकित्सकले मस्तिष्कमा यो प्वाल सर्जरीको लागि बनाएका थिए।

हाडको जोडबाट पत्ता लाग्छ कि दुवै बाल्यकालमा रगतको कमीबाट पीडित थिए। एनिमिया रगतको कमीबाट हुने रोग हो। वैज्ञानिकले हाडमा बनेको चिह्नबाट पत्ता लगाएका छन् कि यो तपेदिक वा कुष्ठरोगजस्ता गम्भीर बिमारीको सङ्केत हुन सक्छ। भनिन्छ, पहिले भाइको मृत्यु किशोरावस्थाको अन्त्य वा २० वर्षको सुरुआतमा भएको थियो र त्यसपछि खप्परमा प्वाल भएको भाइको पछि मृत्यु भएको हुन सक्ने बताइएको छ। सर्जरीपछि उपचारको कमीको कारण उसको मृत्यु भएको वैज्ञानिकले बताएका छन्।

शोधकर्ताले यसबारे ओपन एक्सेस पियर–रिभ्यु जर्नल पिएलओएस वनमा प्रकाशित गरेका छन्। उनीहरूलाई विश्वास छ कि स्क्वायर होल ब्रेन सर्जरी पुरातत्त्वविद्द्वारा संसारको सबैभन्दा ठूलो खोज बन्न सक्छ। यदि उनीहरूको सिद्धान्त सही छ भने मगिद्दोको खोज मध्यपूर्वमा कतै पनि दर्ज गरिएको अहिलेसम्मकै सबैभन्दा पुरानो मस्तिष्कको शल्य चिकित्साको प्रयास हुनेछ। दुनियाँमा सर्जरीको सबैभन्दा पुरानो ज्ञात उदाहरण सबैभन्दा पहिले फ्रान्समा खोजिएको थियो। जहाँ ६५०० ईसापूर्वको एउटा चिहानमा ट्रेपेनिङ छिद्र भएको ४० वटा खप्पर भेटिएका थिए।

### कलेजोको रोगमा घरेलु उपचार

– तीनदेखि १० ग्राम अमलाको चूर्ण प्रतिदिन सेवन गर्नाले कलेजो बलियो हुन्छ र यसको क्रिया ठीक रहन्छ।
– एक गिलास पानीमा १२ ग्राम तुलसीको पात उमालेर चौथाइ पानी भएपछि छानेर पिउँदा कलेजो बढ्ने र अन्य रोग लागेको भए निको हुन्छ।
– लिची चाँडै पच्छ। यसले पाचन क्रियालाई मजबूत बनाउनुका साथै कलेजोसम्बन्धी रोगमा निकै फाइदा पुऱ्याउँछ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# समितिद्वारा पानगल्लीका पसलहरूको अनुगमन

प्रस, वीरगंज, १७ फागुन/

वीरगंज महानगरपालिका बजार व्यवस्थापन तथा अनुगमन समितिले महानगरपालिकाका केही किरानापसलहरूको अनुगमन गरेको छ।

उपप्रमुख इम्तियाज आलम नेतृत्वको टोलीले मङ्गलवार वडा नं ९ स्थित पानगलीमा रहेका किराना तथा खाद्यान्न पसलको अनुगमन गरेको थियो। पानगलीस्थित सुमित्रा ट्रेडर्स एन्ड सप्लायर्स, श्याम ट्रेडर्स, बालाजी, सिद्धिदाता ट्रेडर्स, वर्णवाल जेनरल सप्लायर्स, गहवामाई सप्लायर्स, गढीमाई स्टोर्समा अनुगमन गर्ने क्रममा अधिकांश पसलले महानगरपालिकाबाट व्यवसाय अनुमतिपत्र नलिई सञ्चालन गरेको पाइएको थियो।

त्यस्तै, ती पसलहरूले मूल्यसूची नराखेको, पसलको बोर्ड नराखेको, म्याद गुज्रिएका, लिकेज/ब्रेकेज सामान राखिएको पाइएको थियो।

अनुगमनको क्रममा ती पसलहरूलाई तीन दिनभित्र व्यवसाय प्रमाणपत्र लिन र सबै प्रक्रिया पुऱ्याउन निर्देशन दिइएको वीरगंज महानगरपालिकाका खाद्य अधिकृत विपिनकुमारलाल दासले जानकारी दिए। अनुगमनको क्रममा बालाजी ट्रेडर्समा लिकेज/ब्रेकेज रहेका हलासको पीठो, चक्की फ्रेस पीठो बरामद गरी नष्ट गरिएको दासले बताए।



अखाद्य वस्तु नष्ट गर्दै अनुगमन समितिको टोली। तस्वीरः सौजन्य

अनुगमन टोलीमा वीरगंज महानगरपालिका, जिल्ला प्रशासन कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, वाणिज्य कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, वीरगंज उद्योग वाणिज्य सङ्घ, नापतौल तथा गुणस्तर कार्यालय, पर्सा प्रहरी, सशस्त्र प्रहरी, उपभोक्ता हित संरक्षण मञ्चका प्रतिनिधिहरूको सहभागिता थियो।

# छिपहरमाईको प्रप्रअमा राकेश ओझा

सुग्रीव साह, भिस्वा, १७ फागुन/

छिपहरमाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतमा बुधवारदेखि राकेश ओझा नियुक्त भएका छन्। उनी आज कार्यालयमा हाजिर भएका छन्।

लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृतमा स्वास्थ्य शाखा प्रमुख शम्भु साह निमित्त भएर सञ्चालन गर्दै आएका थिए। छिपहरमाई गापामा स्थानीय तह गठन भएसँगै योसमेत तीनजना प्रमुख प्रशासकीय अधिकृतले जिम्मेवारी सम्हालेका थिए। शुरूमा देवनाथ साह तेलीले प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गरेका थिए। उनी गएपछि स्वास्थ्य शाखा प्रमुख साहलाई निमित्त बनाइएको थियो। आजदेखि प्रमुख प्रशासकीय अधिकृतमा ओझाले काम शुरू गरेका छन्।




## शौचालयको प्रयोग गरौं, सङ्क्रमणबाट जोगिऔं

- खुला स्थानमा दिसापिसाब नगरौं।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
- हत्केलापछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तीमा २० सेकेन्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

**जीवाणुलगायतको सङ्क्रमणबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड


## भन्सार छलीका सामान भन्सार चलान

प्रस, वीरगंज, १७ फागुन/

जिल्ला प्रहरी कार्यालय, पर्साले मङ्गलवार साँझ वीरगंजका विभिन्न स्थानबाट बरामद गरेको भन्सार छलीका सामान वीरगंज भन्सार कार्यालयमा बुझाएको छ। जिप्रका, पर्साले इनर्वा गाउँ, नगवा र छपकैयाबाट भन्सार छलीका तीन लाख ७० हजार बराबरका कपडा, खाद्यान्न बरामद गरेको र कारबाईको लागि भन्सार कार्यालय चलान गरेको बताएको छ।



## फेब्रुअरीमा ७३ हजार ...

पर्यटकले नेपाल भ्रमण गरेका छन्।

त्यस्तै, थाइल्यान्डबाट चार हजार ८०२, दक्षिण कोरियाबाट तीन हजार २४६, अस्ट्रेलियाबाट दुई हजार ९६९, चीनबाट दुई हजार २६६, म्यानमाबाट दुई हजार २३२, श्रीलङ्काबाट दुई हजार ११७ र जर्मनीबाट दुई हजार १०८ पर्यटक नेपाल भित्रिएका छन्।

पछिल्लो तथ्याङ्कले महामारीपछि फेब्रुअरी महीनामा हालसम्मकै उल्लेख्य सङ्ख्यामा पर्यटक आएको देखिन्छ। कोभिड–१९ महामारीका कारण घटेको विदेशी पर्यटकको सङ्ख्या सन् २०२२ मा भने केही बढेको थियो। उक्त वर्ष ६ लाख १४ हजार १४८ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए। महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ जना पर्यटक नेपाल आएका थिए।

तर सन् २०२० मा कोरोना महामारीका कारण विदेशी पर्यटकको सङ्ख्या ८१ प्रतिशतले कमी आई दुई लाख ३० हजार ८५ जना पर्यटक नेपाल भित्रिएका थिए। त्यसैगरी, २०२१ मा भने एक लाख ५० हजार ९६२ पर्यटक नेपाल आएका थिए।






# खेलकूदको संसार

## वीरगंजमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

प्रस, वीरगंज, १७ फागुन/

वीरगंजमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरू भएको छ।

फागुन १८ गतेसम्म चल्ने प्रतियोगितामा एथलेटिक्स, कबड्डी, कराँते, तेक्वान्दो, भलिबललगायत खेलहरू हुने जनाइएको छ। नारायणी रङ्गशालामा भइरहेको प्रतियोगितामा वीरगंजका सरकारी तथा निजी गरी १६ वटा विद्यालय तथा क्याम्पसहरूको सहभागिता रहेको छ।



तस्वीरः प्रतीक

हरि खेतान र बिपिसी कलेजको पनि सहभागिता रहेको जनाइएको छ।

प्रतियोगितामा बुधवारका खेलहरूमा १००, २००, ४००, ८००, १५०० मिटरका दौड, कबड्डीमा महिला–पुरुषका खेलहरू एवं भलिबलका खेलहरू भएको एथलेटिक्सका मुख्य निर्णायक विश्वेश्वर पटेलले जानकारी गराए। प्रतियोगिता जिल्ला खेलकूद विकास समिति, पर्साको प्राविधिक सहयोगमा भइरहेको जनाइएको छ।

# वीरगंजमा एनवाइइएफको कार्यालय उद्घाटन

प्रस, वीरगंज, १७ फागुन/

वीरगंजमा नेपाल युवा उद्यमी मञ्च वीरगंज च्याप्टरको कार्यालय उद्घाटन भएको छ।

च्याप्टरका अध्यक्ष राकेश साहको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि वीरगंज महानगरका प्रमुख राजेशमान सिंह, लिड नेपालका अध्यक्ष अनिलकेशरी शाह, एनवाइइएफका राष्ट्रिय अध्यक्ष रितेश लामिछाने, नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारी, नेपाल उद्योग वाणिज्य महासङ्घ, मधेस प्रदेशका अध्यक्ष गणेश लाठ, वीउवासङ्घका पूर्वअध्यक्ष अशोक बैद, सङ्घका अध्यक्ष सुबोध गुप्ता, पूर्व अध्यक्ष गोपाल केडियालगायतको सहभागिता रहेको एनवाइइएफ, पर्साका पूर्वअध्यक्ष अनुप अग्रवालले जानकारी गराए।




तस्वीरः प्रतीक

# उद्योग वाणिज्य सङ्घको होलीमिलन कार्यक्रम

प्रस, परवानीपुर, १७ फागुन/

वीरगंज उद्योग वाणिज्य सङ्घले होलीमिलन समारोह आयोजना गरेको छ। उद्योग वाणिज्य सङ्घमा आयोजित समारोहमा वीरगंजका उद्योगी, व्यवसायी, बारा–पर्साका सुरक्षा अधिकारी, समाजसेवी, सञ्चारकर्मी एवं सरोकारवालाहरूको सहभागिता रहेको उक्त समारोहमा एकापसमा शुभकामना आदानप्रदान गरी होलीमिलन कार्यक्रम भएको थियो।



तस्वीरः प्रतीक

कार्यक्रममा वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंह, बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटा, प्रहरी उपरीक्षक होबिन्द्र बोगटी, सशस्त्र प्रहरी उपरीक्षक टोपबहादुर डाङ्गी, पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेल, नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीलगायतको सहभागिता रहेको वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष माधव राजपालले जानकारी गराए।

सङ्घका अध्यक्ष सुबोध गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष हरि गौतमलगायत पदाधिकारीहरूको सहभागिता थियो।

# तीन महीने सिलाइकटाइ तालीम समापन

प्रस, वीरगंज, १७ फागुन/

वीरगंज महानगरपालिका–३० को सहयोगमा र डेभलपमेन्ट समाज पर्साको आयोजनामा गत मङ्सिर १३ गतेदेखि शुरू भएको तीन महीने सिलाइकटाइ तालीम बुधवार समापन भएको छ।

समापन कार्यक्रममा वडाध्यक्ष मनोजकुमार यादवले चुनावमा गरेको वाचा अनुसार आफूले कार्य गर्दै आएको र तीन महीने तालीम त्यसैको निरन्तरता भएको बताए। उनले महिलाहरूलाई आत्मनिर्भर बनाउन तालीम सहयोग साबित हुने दाबी गरे।

डेभलपमेन्ट समाज पर्साका अध्यक्ष राहुलकुमार साहको अध्यक्षतामा भएको कार्यक्रममा लालपर्सा स्वास्थ्य चौकीका प्रमुख मेवालाल ठाकुर, वडा सचिव विनोदप्रसाद यादव, वडासदस्यहरू पन्नालाल महतो, जङ्गबहादुर यादव, धना देवी, सदस्य साहेबा खातुन र प्रशिक्षकद्वय सबिना खातुन, पूजा साहलगायतको सहभागिता थियो।



तस्वीरः सौजन्य